मुगुम कार्मारोङ गाउँपालिकाद्वारा प्रकाशित

# मुगुम कार्मारोङ राजपत्र

**खण्ड : २, संख्या : ४, मिति : २०७५/१२/२९**

**भाग – १**

## मुगुम कार्मारोङ गाउँपालिका आकस्मिक कोष ऐन, २०७५

**प्रमाणीकरण मिति :२०७५।१२।२८**

**प्रस्तावनाः**

आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिमको मुगुम कार्मारोङ गाउँपालिकाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"मुगुम कार्मारोङ आकस्मिक कोष ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

**(क)** **"आकस्मिक कार्य"** भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपदलगायतका आकस्मिक वा अप्रत्याशित कारण बाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ ।

(ख) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **आकस्मिक कोषको स्थापनाः** मुगुम कार्मारोङ आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिएको छ ।

४. **मुगुम कार्मारोङ गाउँपालिकामा आकस्मिक कोषमा जम्मा गरिएको रकमः** मुगुम कार्मारोङ सञ्चित कोष बाट बाह्र लाख (१०,०००००।) झिकीत्यस्तो रकम मुगुम कार्मारोङ आकस्मिक कोषमा जम्मा गरिने छ ।

५. **मुगुम कार्मारोङ्ग आकस्मिक कोषको रकम वृद्धिगर्न सक्नेः** मुगुम कार्मारोङ गाउँपालिकाले मुगुम कार्मारोङ राजपत्रमा सूचना प्रकाशन गरी मुगुम कार्मारोङ आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धिगर्न सक्नेछ ।

६. **मुगुम कार्मारोङ आकस्मिक कोषको सञ्चालनः** मुगुम कार्मारोङ आकस्मिक कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

७. **मुगुम कार्मारोङ आकस्मिक कोषको रकमखर्च गर्न सक्नेः** मुगुम कार्मारोङ गाउँपालिकाले मुगुम कार्मारोङ आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ ।

८. **खर्चको रकम सोधभर्ना गर्नु पर्नेः** मुगुम कार्मारोङ गाउँपालिकाले दफा ७ बमोजिम मुगुम कार्मारोङ आकस्मिक कोषबाट खर्च गरेको रकम विनियोजन ऐन बमोजिम प्रत्येक आर्थिक वर्षको लागि विनियोजित रकमबाट सोध भर्ना गर्नु पर्नेछ ।

९. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्न मुगुम कार्मारोङ गाउँपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१०. **खारेजी र बचाउः** नेपालको संबिधान र स्थानिय सरकार सञ्चालन ऐन संग बाझिएको कुराहरु बांझिएको हक सम्म अमान्य हुनेछन् ।

आज्ञाले
विकास शर्मा रिजाल
प्रमुख प्रशासकीय अधिकृत